# १४.३ भोड्का (Vodka)

## १.० गुणस्तरको क्षेत्र (Scope)

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका भोड्कालाई समेट्छ ।

## २.० परिचय (Description)

## २.१ भोड्का (Vodka)

भोड्का भन्नाले आलु, अन्न, मोलासेस वा अन्य किन्वन हुने कार्वोहाईड्रेटजन्य पदार्थहरुलाई किण्वन (Fermentation) गरी डिष्टिलेशन प्रकृयाद्वारा प्राप्त न्यूट्रल स्प्रिटबाट बनेको मदिराजन्य पेय पदार्थलाई जनाउँछ । भोड्का कुनै पनि प्रकारका सस्पेन्डेड पदार्थहरु रहित हुनु पर्नेछ । उत्पादन गर्ने देश, प्रयोग गरिने कच्चा पदार्थ, उत्पादनको प्रकृया, प्रविधिको आधारमा भोड्का बिभिन्न प्रकारका हुन सक्नेछन ।

## ३.० आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)

भोड्कामा स्वाभाविक स्वाद र वास्ना हुनुपर्ने छ । यसमा स्विकृत रंग, वास्ना वा खाद्य योगशिल प्रयोग गर्न सकिनेछ । भोड्कामा क्लोरल हाइड्रेट (Chloral hydrate), अमोनियम क्लोराइड (Ammonium chloride), डाइजेपाम (Diazepam), पाराअल्डिहाइड (Paraldehyde), र/वा कुनै पनि किसिमका नसालु पदार्थहरु, क्याफिन (Caffeine) लगायतका अन्य मदिरासँग सेवन गर्दा स्वास्थ्यलाई हानी गर्न सक्ने रसायनिक पदार्थहरुको उपस्थिती हुनुहुदैन ।

भोड्कामा ईथाएल अल्कोहलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतनको आधारमा, २० डिग्री सेन्टिग्रेड तापक्रममा) सम्म हुन सक्नेछ । ईथाएल अल्कोहलको मात्रा भोड्काको लेबलमा उल्लेख गरीएको मात्रा भन्दा ३ प्रतिशतले घटी वा बढी हुन सक्नेछ ।

भोड्कामा देहायका मापदण्डहरु पनि पुरा भएको हुनु पर्नेछ ।

## ४.स्वच्छता (Hygiene) सम्बन्धि व्यवस्था

| सि.नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | Ethyl Alcohol content at $20^0$C percent by volume (Range) | ३६-५० |
| २ | Furfural (expressed in terms of g/100 Iitres of absolute alcohol), Max | १२.० |
| ३ | Higher alcohols as amyl alcohol (expressed in terms of g/100 Litres of absolute alcohol), Max | ५०.० |
| ४ | Total Esters as ethyl acetate (expressed in terms of g/100 Iitres of absolute alcohol), Max | ५०.० |
| ५ | Volatile acids as acetic acid (expressed in terms of g/100 Iitres of absolute alcohol), Max | १०.० |
| ६ | Residue on evaporation, percent(mg/l) ,Max | २.० |
| ७ | Methyl alcohol (expressed in terms of mg/litre of distilled absolute alcohol), Max | १०.० |
| ८ | Copper (as Cu), (mg/l), Max | ५.० |
| ९ | Aldehydes as acetaldehyde (expressed in terms of g/100 Litres of absolute alcohol), Max | १५.० |
| १० | Lead (mg/l), Max | ०.० |
| ११ | Mercury (mg/l), Max | ०.० |
| १२ | Arsenic (mg/l), Max | ०.० |
| १३ | Cadmium (mg/l), Max | ०.० |

### ४.१ स्वच्छता कायम गर्ने तरीका (Code of Practice)

भोड्काको उत्पादन, बोटलिङ्ग, प्याकेजिगं, भण्डारण तथा ढुवानी गर्दा कोडेक्स द्वारा निर्धारीत आचारसंहिता Recommended International code of practice - General principles of Food Hygiene CAC/RCP 1-1969 ) का प्रावधानहरु आवश्यकतानुसार पालन गर्नुपर्ने छ ।

### ५. प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धि व्यवस्था (Packaging and Labeling Requirements)

भोड्कालाइ सफा गरीएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गरी खाद्य नियमावली, २०२७ को लेबलिङ्ग सम्बन्धि प्रावधानहरु, कोडेक्स द्वारा निर्धारीत General Standards for the labeling of prepackaged foods (Codex stan 1-1985) का प्रावधानहरु तथा अन्य प्रचलीत कानुन अनुसार पुरा गरेको हुनुपर्ने छ ।

#### ५.१ लेबलमा उल्लेख गर्न प्रतिबन्ध

५.१.१ स्वास्थ्य सम्बन्धि कुनै पनि दावी गर्न पाइने छैन ।

५.१.२ प्रयोगकर्तालाई भोड्काको प्रकृति, उत्पादन, श्रोत, तथा अन्य गुणहरु सम्बन्धि भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरु प्रयोग गर्न पाइने छैन ।